हकप्रद शेयरको बिक्री खुल्ला अवधि :

निष्काशन खुल्ला मिति :
२०७८/०६/२५ गते

निष्काशन बन्द हुने मिति :
२०७८/०७/१४ गते (बैकिङ्ग समय पश्चात्)

संस्थापक ☐

सर्वसाधारण ☐

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd.

...तपाईको स्थानीय साझेदार (Your Local Partner)

नेपाल राष्ट्र बैंकबाट "ख" बर्गको वित्तीय संस्था (पाँच जिल्ला कार्य क्षेत्र भएको डेभलपमेन्ट बैंक)

रजिष्टर्ड कार्यालय : वडा नं.४, मुक्तीचोक, बिर्तामोड, झापा, नेपाल ।
फोन नं. ०२३-५४३७१४, ५४३५६४, फ्याक्स नं. ०२३-५४३५६३
इमेलः info@edb.com.np वेभसाईटः www.edb.com.np

कार्यालय प्रयोजनको लागि	
शेयरको विवरण	कित्ता
भौतिक	
अभौतिक	
जम्मा कित्ता	

हकप्रद शेयर खरीद दरखास्त फाराम

सि.नं.

मार्फतः
एनआईबिएल एस क्यापिटल लिमिटेड
पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोनः ४४२५२८०, फ्याक्सः ४००५०८४
Email: info@niblcapital.com, Website: www.niblcapital.com

NIBL ACE CAPITAL
Managing shares. Managing investments.
Wholly owned subsidiary of नेपाल इन्भेष्टमेण्ट बैंक लि. NEPAL INVESTMENT BANK LTD.

कोड नं. ☐☐☐

श्री संचालक समिति,
एक्सेल डेभलपमेन्ट बैंक लि.
बिर्तामोड, झापा, नेपाल ।

शेयरधनी नं. ☐

हितग्राही खाता नं.	
DP ID	
CLIENT ID	

महाशय,

त्यस डेभलपमेन्ट बैंकको १०:३ को अनुपातमा शेयरको हकप्रद निष्काशन प्रयोजनका लागि प्रकाशित "हकप्रद शेयर निष्काशन सम्वन्धी व्यवस्था तथा विवरणहरु" को शर्त अनुसार डेभलपमेन्ट बैंकले आफ्नो शेयरधनी दर्ता पुस्तिका बन्द गरेको मिति २०७८/०६/०१ गतेभन्दा अघिल्लो दिनसम्ममा मेरो/हाम्रो नाममा कायम ....कित्ता शेयरको १०:३ (अर्थात विद्यमान १० कित्ता शेयर बराबर नयाँ ३ कित्ता हकप्रद शेयर)को अनुपातले हुन आउने................कित्ता हकप्रद शेयर खरीद गर्न मेरो/हाम्रो नाममा कायम हक बमोजिम ....कित्ता शेयरहरु तथा त्यस बाहेक हक हस्तान्तरणबाट प्राप्त भएको ....कित्ता समेत गरी जम्मा.........................कित्ता शेयरहरु खरीद गर्ने इच्छा भएकोले प्रति शेयर रु.१००/– का दरले हुन आउने जम्मा रकम रु...(अक्षरेपी...मात्र) को भौचर/ड्राफ्ट संलग्न गरी तल उल्लेखित विस्तृत विवरण सहित यो निवेदन गरेको छु/छौं। त्यस डेभलपमेन्ट बैंकको नियमानुसार गर्न मेरो/हाम्रो मञ्जुरी भएको उल्लेखित हकप्रद शेयर पाउन अनुरोध गर्दछु/गर्दछौं।

विवरण	भौतिक कित्ता (प्रमाण–पत्र रहेको हकमा)	अभौतिक कित्ता (हितग्राही खातामा रहेको हकमा)	जम्मा शेयर कित्ता
साविक कायम रहेको शेयर कित्ता			
लिन चाहेको हकप्रद शेयर कित्ता			
हक हस्तान्तरणबाट प्राप्त भएको हक बराबर लिन चाहेको शेयर कित्ता			
जम्मा लिन चाहेको हकप्रद शेयर कित्ता			
हक हस्तान्तरण गरिदिने शेयरधनीको शेयरधनी नं./हितग्राही नं.	DP ID	Client ID	शेयरधनी नं.
प्रति शेयर रु.१००/– ले बुझाएको रकम	रु.	अक्षरमा	

Sources of Fund (For Rs. One million and above as per AML/CFT, Direction, 2076 issued by SEBON)
आयको स्रोत (रु. दश लाख र सो भन्दा बढीको लागि बोर्डबाट जारी सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्वन्धी निर्देशन, २०७६ अनुसार)

व्यापार (Business) ☐ सम्पत्ति बिक्री (Sale of Assets) ☐ कर्जा (Loan) ☐ अन्य उल्लेख गर्नुहोस (Other, Please Specify) ☐

दरखास्त बुझाएको मिति	२०७८/ /	रसिद/भौचर नं.	
चेक खिचिएको बैंकको नाम		चेक नं.	
रकम बुझाएको बैंक/कम्पनीको नाम		ठेगाना	

निवेदकको पूरा नाम	नेपालीमा	श्री/श्रीमती/सुश्री/नाबालक					
	In English	Mr./Mrs./Miss/Minor					USE CAPITAL LETTER
ठेगाना	घर नं./वडा नं.		टोल		गा.पा./न.पा.		जिल्ला
Address	House No./Ward no		Tole		RM/Municipality		District
सम्पर्क ठेगाना							
PAN No.		Phone No.		Mobile No.			
ना.प्र.प.नं./जारी स्थान		Email ID					
बाबुको नाम							
Father's Name							
बाजेको नाम							
Grand Father's Name							
पति/पत्नीको नाम							
संरक्षकको नाम (नाबालकको हकमा)							
Guardian's Name (Incase of minor)							

I hereby declared that source of this transaction is not from money laundering, terrorist financing, drug addiction, human trafficking or any other illegal activities, यो जम्मा गरिएको रकम मुद्रा निर्मलीकरण, लागु पदार्थको कारोवार, मानब बेचबिखन र संगठित अपराध लगायतका अबैध स्रोतबाट आर्जन भएको होईन भन्ने घोषणा गर्दछु । यस हकप्रद निष्काशनको लागि तयार गरेको "हकप्रद शेयर निष्काशन सम्वन्धी व्यवस्था र विवरणहरु" पढी आफ्नो स्वःविवेकले दरखास्त दिएको हो ।

द्रष्टव्यः
१. साविक शेयरधनीले आफ्नो शेयरधनी परिचय नं./हितग्राही खाता नं. अनिवार्य रुपले उल्लेख गर्नुपर्नेछ ।
२. DEMAT भएमा शेयरधनीले अनिवार्य रुपमा DP ID/Client ID दुवै उल्लेख गर्नुपर्नेछ ।
३. रित पुर्वक नभरिएको दरखास्त फाराम हकप्रद शेयर बाँडफाँटमा समावेश गरिने छैन साथै चेक भुक्तान नभएमा दरखास्त फारम स्वतः रद्द हुनेछ ।
४. यस दरखास्त फाराममा माग गरिएका सम्पूर्ण विवरणहरु पूर्ण रुपले नेपाली तथा अग्रेजी दुवै भाषामा भर्नु पर्नेछ ।
५. आफ्नो हक हस्तान्तरण "Renounce" गर्न चाहनु हुने शेयरधनीहरुले धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनुसुची ११ को ढाँचा बमोजिमको विवरण भरी निवेदन दरखास्त फारामका साथै सोही बमोजिम १% दस्तुर बुझाई हकप्रद शेयर निष्काशन अवधीभित्र यस बैंकको शेयर रजिष्ट्रार श्री एनआईबिएल एस क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाडौंमा सम्पर्क राखी उक्त शेयरको हक हस्तान्तरण "Renounce"गर्न सक्नेछन् ।

यस दरखास्त फाराममा भरेको विवरणहरु पूर्ण रुपमा ठिक साँचो हो । यसमा कुनै फरक भएमा म निवेदक स्वंय जिम्मेवार हुनेछु ।

निवेदकको दस्तखत
(नाबालकको हकमा अभिभावकको दस्तखत)

यो रसिद हराई अर्कोले भुक्तानी लिई गएमा सो को जिम्मेवार निवेदक स्वयं हुनेछ

हकप्रद शेयर खरीद रसिद

सि.नं.

मार्फतः
एनआईबिएल एस क्यापिटल लिमिटेड
पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोनः ४४२५२८०, फ्याक्सः ४००५०८४
Email: info@niblcapital.com, Website: www.niblcapital.com

NIBL ACE CAPITAL
Managing shares. Managing investments.
Wholly owned subsidiary of नेपाल इन्भेष्टमेण्ट बैंक लि. NEPAL INVESTMENT BANK LTD.

दरखास्तवालाले भर्नुपर्ने

शेयरधनी नं./परिचय नं. ☐

DP ID	
CLIENT ID	

Applicant's Name					
Company's Name	Excel Development Bank Ltd.				
No. of Shares Applied		Call Money per Share	Rs.100	Amount Deposited	
Amount in Words					

निवेदकको दस्तखत
(नाबालकको हकमा अभिभावकको दस्तखत)

For Official Use Only:

चेक भुक्तान नभएमा दरखास्त फारम स्वतः रद्द हुनेछ ।

Received by: **Shareholder No.** ☐

Date: **Stamp** **Code No.** ☐☐☐

बाँडफाँडमा नपरेको हकप्रद साधारण शेयरको रकम फिर्ता भुक्तानी लिन यो रसिद अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

एक्सेल डेभलपमेन्ट बैंक लि.

नेपाल धितोपत्र बोर्डबाट "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" स्वीकृत मिति २०७८/०४/३१ ।

१. कम्पनीको नाम :
एक्सेल डेभलपमेन्ट बैंक लिमिटेड (EXCEL DEVELOPMENT BANK LTD.) ।

२. संगठित संस्थाका रजिष्टर्ड कार्यालय :
यस कम्पनीको रजिष्टर्ड (केन्द्रीय) कार्यालय मेची अञ्चल, झापा जिल्ला, विर्तामोड नगरपालिका, वडा नं.४, मुक्तीचोक, विर्त्तामोड, झापामा रहेको छ ।

३. कारोवार स्थान :
यस डेभलपमेन्ट बैंकको वित्तीय कारोवार गर्ने स्थान झापा, इलाम, मोरङ, सुनसरी र पाँचथर जिल्लाभर रहेको छ । हाल विकास बैंकको केन्द्रिय कार्यालय विर्तामोड-४, झापामा रहेको छ । डेभलपमेन्ट बैंकले देहायका स्थानहरुमा रहेका शाखा कार्यालयहरुबाट बैंकिङ्ग कारोबार संचालन गरिरहेको छ ।

क्र.सं.	शाखाको नाम र ठेगाना	क्र.सं.	शाखाको नाम र ठेगाना	क्र.सं.	शाखाको नाम र ठेगाना
१	विर्तामोड शाखा, मुक्तिचोक, विर्तामोड (झापा)	१५	राजगढ शाखा, राजगढ नयाँबजार (झापा)	२९	खुदुनावारी शाखा, खुदुनावारी बजार (झापा)
२	इलाम शाखा, इलाम चोक इलाम (इलाम)	१६	मंगलबारे शाखा, मंगलबारे बजार (इलाम)	३०	पथरी शनिश्चरे शाखा, शनिश्चरे बजार (मोरङ)
३	चन्द्रगढी शाखा, चन्द्रगढी बस स्टेण्ड उत्तर (झापा)	१७	दुधे शाखा, दुधे चोक (झापा)	३१	झोराहाट शाखा, झोराहाट बजार (मोरङ)
४	सुरुङ्गा शाखा, सुरुङ्गा बस स्टेण्ड उत्तर (झापा)	१८	गौरादह शाखा, गौरादह बजार (झापा)	३२	भुटाहा शाखा, भुटाहा बजार (सुनसरी)
५	धुलावारी शाखा, क्याम्पस रोड, धुलावारी (झापा)	१९	उर्लावारी शाखा, रंगेली रोड उर्लावारी (मोरङ)	३३	भमरी शाखा, भमरी चोक (सुनसरी)
६	बुधवारे शाखा, बुधवारे बजार (झापा)	२०	विराटचोक शाखा, विराटचोक (मोरङ)	३४	इनरुवा शाखा, इनरुवा बजार (सुनसरी)
७	शनिश्चरे शाखा, शनिश्चरे बजार (झापा)	२१	गरामनी शाखा, गरामनी चोक (झापा)	३५	फिदिम शाखा, फिदिम बजार (पाँचथर)
८	शिवगञ्ज शाखा, शिवगञ्ज बस स्टेण्ड (झापा)	२२	बनीयानी शाखा, बनियानी बजार (झापा)	३६	इटहरी शाखा, इटहरी चोक (सुनसरी)
९	भद्रपुर शाखा, भद्रपुर बजार (झापा)	२३	लेटाङ शाखा, लेटाङ बजार (मोरङ)	३७	बैगुनधुरा शाखा, बैगुनधुरा बजार (झापा)
१०	चारआली शाखा, चारआली चोक (झापा)	२४	महानन्द चोक शाखा, महानन्द चोक (झापा)	३८	गौरीगंज शाखा, गौरीगन्ज बजार (झापा)
११	फिक्कल शाखा, फिक्कल चोक (इलाम)	२५	चारपाने शाखा, चारपाने चोक (झापा)	३९	दुहवी शाखा, दुहवीचोक (सुनसरी)
१२	विराटनगर शाखा, धरान रोड (मोरंग)	२६	गोलधाप शाखा, गोलधाप बजार (झापा)	४०	बेलबारी शाखा, बेलबारीचोक (मोरङ)
१३	दमक शाखा, थाना रोड (झापा)	२७	सोमबारे शाखा, सोमबारे चोक (झापा)	४१	कन्चनबारी शाखा, कन्चनबारीचोक (मोरङ)
१४	काकरभिट्टा शाखा, बाहुण्डांगी रोड (झापा)	२८	दुर्गापुर शाखा, दुर्गापुर बजार (झापा)		

४. संगठित संस्थाको संक्षिप्त परिचय र उद्देश्य :
डेभलपमेन्ट बैंकको संक्षिप्त इतिहास : एक्सेल डेभपलपमेन्ट बैंक लिमिटेड कम्पनी ऐन, २०५३ बमोजिम मिति २०६१/१२/११ गते नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयमा पब्लिक लिमिटेडको रुपमा दर्ता भै मिति २०६२/०३/१९ मा नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोवार गर्न इजाजत प्राप्त गरी मिति २०६२/०४/०६ देखि संस्थाले आफ्नो वित्तीय कारोवार संचालन गरेको हो । हाल डेभलपमेन्ट बैंकको केन्द्रिय कार्यालय मेची अञ्चल, झापा जिल्ला, विर्तामोड नगरपालिका वडा नं. ४, मुक्तिचोकमा रहेको छ । डेभलपमेन्ट बैंकका संस्थापकहरुमा देशका प्रतिष्ठित बैंकिङ्ग तथा वित्त क्षेत्र, चिकित्सा, प्राध्यापन एवं विभिन्न व्यवसायसंग संलग्न व्यक्तित्वहरु रहेका छन् ।

नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलित कानूनको अधिनमा रही वित्तीय कारोबार (वित्तीय व्यवसाय) गर्ने यसका मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेका छन्:

डेभलपमेन्ट बैंकको मुख्य उद्देश्यहरु :
(क) बैंकका निक्षेपकर्ता तथा शेयरधनीको हक हितको संरक्षण र संवर्धन गर्दै सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो वित्तीय सेवा उपलब्ध गराउने,
(ख) कृषि, उद्योग, सेवा, व्यापार तथा अन्य व्यवसायिक रुपले सम्भाव्य देखिएका उत्पादनशिल व्यवसायको स्थापना, विकास, विस्तार र क्षमता एवम् उत्पादकत्व बृद्धिका लागि आवश्यक वित्तीय साधन आन्तरिक तथा वाह्य स्रोतबाट जुटाई देशको औद्योगिक, व्यापारिक एवं कृषि क्षेत्रको विकासमा गतिशिलता ल्याउन सहयोग पुर्‍याउने,
(ग) उपलब्ध शिप र श्रम तथा पूँजीलाई उचित परिचालन गरि ग्रामिण तथा सहरी क्षेत्रमा उत्पादन एवम् रोजगारीमुलक व्यवसायको स्थापना, सञ्चालन, विकास, विस्तार एवं प्रर्वद्धन गर्ने र सो कार्यको लागि
आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकिय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिबी निवारणका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुर्‍याउने,
(घ) मुलुकमा छरिएर रहेको पूँजीलाई एकीकृत गरि संस्थागत लगानी तथा स्वस्थ प्रतिशपर्धाको माध्यमबाट वित्तीय मध्यस्ताको सेवा उपलब्ध गराउने ।

५. शेयर पूँजीको संरचना :
(क) **अधिकृत पूँजी** : यस डेभलपमेन्ट बैंकको अधिकृत पूँजी रु.१,५०,००,००,०००/- (अक्षरेपी एक अर्व पचास करोड) रहेको छ, जसलाई प्रति शेयर रु.१००/- का दरले जम्मा १,५०,००,००० कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।
(ख) **जारी पूँजी** : यस डेभलपमेन्ट बैंकको जारी पूँजी रु.१,०७,३६,४४,६६१.२५ (अक्षरेपी एक अर्व सात करोड छतीस लाख चौवालीस हजार छ सय एकसट्ठी रुपैंया पच्चीस पैसा) रहेको छ, जसलाई प्रति शेयर रु.१००/- का दरले १,०७,३६,४४६.६१२५ कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।
(ग) **चुक्ता पूँजी** : हाल यस डेभलपमेन्ट बैंकको चुक्ता पूँजी रु.८१,११,२१,२२४.७२ (अक्षरेपी एकासी करोड एघार लाख एकाइस हजार दुई सय चौवीस रुपैंया बहत्तर पैसा) रहेकोछ, जसलाई प्रति शेयर रु.१००/- अंकित मूल्यका ८१,११,२१२.२४७२ कित्ता साधारण शेयरमा विभाजन गरिएको छ । यस विवरण मार्फत् हकप्रद शेयर निष्काशन गरी बाँडफाँट गरे पश्चात् डेभलपमेन्ट बैंकको चुक्ता पूँजी रु.१,०५,४४,५७,५९२.१४ (अक्षरेपी एक अर्व पाँच करोड चौवालीस लाख सन्ताउन्न हजार पाँच सय बयानव्वे रुपैंया चौध पैसा) हुनेछ ।

६. हकप्रद शेयर निष्काशन गरि बाँडफाँट गरे पश्चात् हुने चुक्ता पूँजीको संरचना :
हकप्रद शेयर निष्काशन गरी बाँडफाँट गरे पश्चात् हुने डेभलपमेन्ट बैंकको चुक्ता पूँजीको संरचनाः

समूह	शेयरधनीहरु	शेयर कित्ता	पूँजी संरचना	चुक्ता रकम (रु.)	भुक्तानी प्रतिशत
(क)	संस्थापक	५३,७७,७३३.७१९९	५१%	५३,७७,७३,३७१.९९	शतप्रतिशत
(ख)	सर्वसाधारण (कर्मचारीहरु समेत)	५१,६६,८४२.२०१५	४९%	५१,६६,८४,२२०.१५	शतप्रतिशत
	जम्मा	१,०५,४४,५७५.९२१४	१००%	१,०५,४४,५७,५९२.१४	

७. सञ्चालक तथा कार्यकारी प्रमुखको नाम, ठेगाना, शैक्षिक योग्यता तथा अनुभव :
यस डेभलपमेन्ट बैंकको सञ्चालक समितिमा हाल देहाय बमोजिमका सञ्चालकहरुले प्रतिनिधित्व गर्नु भएको छ :

सि.नं.	नाम, ठेगाना	पद	उमेर (वर्ष)	राष्ट्रियता	शेयर स्वामित्व	शैक्षिक योग्यता	अनुभव (सम्बन्धित वा अन्य)
१.	श्री महेन्द्र कुमार गोयल (संस्थापक समूह "क") काठमाण्डौ-९, बत्तिसपुतली (संस्थापक समूह)	अध्यक्ष	५५	नेपाली	७७०,२५३.१३	वि.कम.	व्यापारिक क्षेत्रमा विगत लामो समयदेखि कार्य गर्दै आउनुभएको र निम्न कम्पनीमा संलग्न : १. प्रो. बंगलामुखी इन्टरप्राइजेज प्रा.लि., काठमाण्डौ २. अध्यक्षः नवदुर्गा डेभलपर्स प्रा.लि., काठमाण्डौ ३. प्रो. ट्राफिक सल्युसन्स नेपाल प्रा.लि., ललितपुर ४. एक्सेल गारमेन्ट प्रोसेसिङ्ग इण्डष्ट्रिज
२.	श्री हेमराज ढकाल भद्रपुर-११, झापा (संस्थापक समूह)	संचालक	५५	नेपाली	४३१,९२३.०२	वि.कम.	विभिन्न व्यापार व्यवसायमा १९ वर्षदेखि संलग्न भई काम गर्दै आउनुभएको र निम्न कम्पनीमा संलग्न : १. प्रबन्ध निर्देशक झापा टि स्टेट २. अध्यक्ष, हेरिटेज फ्लोरिगं कार्पेट, इण्डष्ट्रिज प्रा.लि. ३. कार्यकारिणी सदस्य नेपाल उद्योग वाणिज्य महासंघ
३.	श्री राजन शर्मा काठमाण्डौ-३२, डिल्लीबजार (संस्थापक समूह)	संचालक	५६	नेपाली	६४८,९८.१६	एम.ए.	व्यापार व्यवसायमा २१ वर्षदेखि संलग्न भई काम गर्दै आउनु भएको र निम्न कम्पनीमा संलग्नः १.निर्देशक, क्वालिटी फ्रेट सर्भिस प्रा.लि.
४.	श्री पर्शुराम दहाल भद्रपुर न.पा.-४, झापा हाल सुर्यविनायक २, भक्तपुर (सर्वसाधारण समूह)	संचालक	५५	नेपाली	१६,२४३.९२	वि.कम.	व्यापारिक र लेखापरीक्षण क्षेत्रमा कार्यरत र निम्न कम्पनीमा संलग्न : १. साझेदार, पि.पि. एण्ड कम्पनी २. कार्यकारी प्रमुख, रिभाइव ट्रेडिङ्ग प्रा.लि. ३. कार्यसमिति सदस्य नेपाल चेम्बर अफ कमर्श
५.	पुरुषोत्तम लम्साल भद्रपुर न.पा.-१०, झापा (सर्वसाधारण समूह)	संचालक	५३	नेपाली	४६४.०३	एम.वि.ए.	अध्यापन तथा बैंकिङ्ग क्षेत्रमा आवद्ध रहि निम्न ठाँउमा कार्य अनुभव : १. विभुति उच्च मा.वि., चन्द्रगढी, झापा २. स्टयाण्डर्ड चार्टड बैंक नेपाल लि.मा १६ वर्षको विभिन्न शाखा तथा कर्पोरेट कार्यालयमा काम गरेको कार्यानुभव सहित वरिष्ठ प्रबन्धक पदमा अवकाश लिनुभएको ।
६.	पेशल राज पोखरेल सुर्यविनायक न.पा.-२, भक्तपुर (सर्वसाधारण समूह)	संचालक	४७	नेपाली	४,२१८.४१	एम.पि.ए.	१. विभिन्न ठेक्कापट्टा तथा सामानहरु सप्लाई २. माछापुच्छ्रे बैंक लि.मा १० वर्षको विभिन्न शाखा तथा कर्पोरेट कार्यालयमा काम गरेको कार्यानुभव सहित नायव प्रबन्धक पदमा अवकाश लिनुभएको ।
७.	सुषमा शर्मा का.म.न.पा.- ४ विशालनगर	स्वतन्त्र सञ्चालक	५४	नेपाली	०	एम.वि.ए.	१. एनएमबि बैंक लि.मा १२ वर्षको विभिन्न शाखा तथा कर्पोरेट कार्यालयमा काम गरेको कार्यानुभव सहित प्रबन्धक पदमा अवकाश लिनु भएको ।

प्रमुख कार्यकारी अधिकृतको नाम, ठेगाना, योग्यता तथा अनुभव सम्बन्धी विवरणः

नाम : श्री लेख राज कार्की **ठेगाना** : विराटनगर १०, मोरङ **शैक्षिक योग्यता** : एम.बि.ए.

अनुभव : ● बैंक तथा वित्तीय संस्थामा विगत २० बर्ष देखिको कार्य अनुभव ● नेपाल बङ्गलादेश बैंक लि. (मिति अप्रिल २००१ देखि मे २००३ सम्म रिलेसनशिप अधिकृत पदमा रही कार्य गरेको अनुभव) ● एनसिसि बैंक लि. (मिति मे २००३ देखि जुलाई २००९ सम्म अपरेशन इन्चार्ज, रिलेशनशिप अधिकृत, रिलेशनशिप प्रवन्धक पदमा रही कार्य गरेको अनुभव) ● प्रभु बैंक लि. (मिति जुलाई २००९ देखि १५ जुलाई २०२० सम्म, शाखा प्रबन्धक, प्रमुख विजनेश बैकिङ्ग विभाग, चिफ प्रोभिन्स विजनेश अफिसर पदमा रही कार्य गरेको अनुभव) ● एक्सेल डेभलपमेन्ट बैंक लि. (मिति २०७७।०४।०१ देखि नायब प्रमुख कार्यकारी अधिकृत पदमा र मिति २०७८।०४।०१ देखि का.मु. प्रमुख कार्यकारी अधिकृत पदमा रही कार्य गरिरहेको) ।

८. संचालक समितिको बनौट :
यस डेभलपमेन्ट बैंकको नियमावलीमा भएको व्यवस्था अनुसार ७ (सात) जना संचालकहरु रहेको संचालक समिति देहाय बमोजिम गठन हुनेछ :

"क" समूहका संस्थापक शेयरधनीहरुको प्रतिनिधित्व गर्ने गरी निर्वाचित र मनोनित संचालकहरु	३ (तीन)
"ख" समूहका सर्वसाधारण शेयरधनीहरुको प्रतिनिधित्व गर्ने गरी निर्वाचित संचालकहरु	३ (तीन)
स्वतन्त्र संचालक	१ (एक)
जम्मा	**७ (सात) जना**

सञ्चालक हुनको लागि देहाय बमोजिमको न्युनतम योग्यता पूरा गरेको हुनुपर्नेछ :
(क) विदेशी वा स्वदेशी बैंक वा वित्तीय संस्था वा सम्बन्धित क्षेत्रका संगठित संस्थाको सञ्चालक वा पदाधिकारी तहमा वा नेपाल सरकारको कम्तीमा अधिकृत स्तरमा कम्तीमा पाँच बर्ष काम गरेको, वा
(ख) स्नातक उपाधि हासिल गरेको र विदेशी वा स्वदेशी बैंक वा वित्तीय संस्था वा सम्बन्धित क्षेत्रका संगठित संस्थाको सञ्चालक वा पदाधिकारी तहमा वा नेपाल सरकारको कम्तीमा अधिकृत स्तरमा कम्तीमा तीन बर्ष काम गरेको, वा
(ग) व्यवस्थापन, बैंकिङ्ग, वित्तीय, मौद्रिक, अर्थशास्त्र, वाणिज्यशास्त्र, लेखाशास्त्र, तथ्याङ्कशास्त्र, गणितशास्त्र, व्यापार प्रशासन, जनप्रशासन वा कानून विषयमा स्नातकोत्तर उपाधि हासिल गरेको ।

स्वतन्त्र संचालक हुनको लागि देहाय बमोजिमको न्युनतम योग्यता पूरा गरेको हुनु पर्नेछ :
व्यवस्थापन, बैंकिङ्ग, वित्तीय, मौद्रिक, अर्थशास्त्र, वाणिज्यशास्त्र, लेखाशास्त्र, तथ्याङ्कशास्त्र, गणितशास्त्र, व्यापार प्रशासन, जनप्रशासन वा कानून विषयमा स्नातक उपाधि हासिल गरी कुनै विदेशी बैंक वा वित्तीय संस्था वा सम्बन्धित क्षेत्रका संगठित संस्थाको सञ्चालक वा पदाधिकारी तहमा वा नेपाल सरकारको कम्तीमा द्वितीय श्रेणीको अधिकृत वा सोभन्दा माथिको पदमा कम्तीमा तीन वर्षको कार्य अनुभव हासिल गरेको ।

९. निष्काशन गरिने हकप्रद शेयर संख्या र त्यसको अनुपात :
स्वीकृत विवरण मार्फत हाल कायम चुक्ता पूँजी रु.८१,११,२१,२२४.७२ को दश शेयर बराबर तीन शेयर (१० : ३) (अर्थात् विद्यमान १० कित्ता साधारण शेयर बराबर नयाँ ३ कित्ता साधारण शेयर) को अनुपातमा साविकका शेयरधनीहरुको लागि रु.२४,३३,३६,३६७.४२ बराबरको प्रति शेयर रु.१००/- अंकित दरका २४,३३,३६३.६७४२ कित्ता हकप्रद साधारण शेयर निष्काशन गरिनेछ ।

१०. लिनुपर्ने न्यूनतम शेयर संख्या र दरखास्त साथ पठाउनु पर्ने पेश्की रकम :
हकप्रद शेयर निष्काशन प्रयोजनको लागि डेभलपमेन्ट बैंकले हकप्रद शेयर निष्काशन पूर्व सार्वजनिक सूचना मार्फत जानकारी गराएको मिति सम्ममा शेयर खरिद गरी कायम भएका साविक शेयरधनीहरुले आफ्नो नाममा कायम रहेको साधारण शेयरको दश शेयर बराबर तीन शेयर (१० : ३) को अनुपातमा प्रति शेयर रु.१००/- का दरले हुन आउने एकमुष्ट रकम भुक्तानी गरी आवेदन दिन सक्नेछन् । साविक शेयरधनीले चाहेमा आफ्नो कायम हक भन्दा कम हकप्रद शेयर खरिद गर्न आवेदन दिन सक्नेछन् र यसरी आफ्नो हक भन्दा कम हकप्रद शेयर खरिदका लागि आवेदन दिने शेयरधनीहरुको हकमा दरखास्तमा माग गरे बमोजिम नै हकप्रद शेयर बाँडफाँट गरिनेछ ।

११. साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको बिक्री गर्ने सम्बन्धी व्यवस्थाः
साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको सम्बन्धमा "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार संचालक समितिले अत्यन्त पारदर्शी तरिका (जस्तै : शिलबन्दी बोलपत्रद्वारा लिलाम बढाबढ) बाट बिक्री गरिनेछ । यसरी बिक्री गर्दा खरिद गर्न चाहने लगानीकर्ता सबैलाई समान अवसर प्रदान गरिनेछ ।

१२. हकप्रद शेयर अनुपात भन्दा बढि शेयर खरिद गर्न पाउने /नपाउने सम्बन्धी व्यवस्था :
स्वीकृत हकप्रद शेयरको अनुपात भन्दा बढी शेयर खरिद गर्न पाउने छैन । तर कुनै शेयरधनीले आफ्नो कायम हकको आधारमा हकप्रद शेयर खरिदका लागि आवेदन दिंदा खण्डित शेयर (Fraction Share) मा शेयर संख्या पर्न आएमा नजिकको माथिल्लो शेयर कित्ताको लागि आवेदन दिन सक्नेछ । यसरी माथिल्लो शेयर कित्ताको लागि आवेदन दिने शेयरधनीहरुको हकमा यस हकप्रद शेयर निष्काशनको क्रममा बिक्री नभई बाँकी रहेको शेयरहरुबाट समायोजन गर्ने गरी बाँडफाँट गरिनेछ । यदि यस हकप्रद शेयरको लागि निष्काशन गरिएको सम्पूर्ण शेयरका लागि आवेदन प्राप्त भएमा नेपाल धितोपत्र बोर्डको पूर्व स्वीकृती लिई डेभलपमेन्ट बैंकको संचालक समितिले माथिल्लो शेयर कित्ता माग गरी दरखास्त दिने शेयरधनीहरुलाई हकप्रद शेयर बाँडफाँट गरिनेछ । यस विवरण मार्फत निष्काशन गरिने हकप्रद शेयरको लागि आफ्नो कायम हक भन्दा बढी हकप्रद शेयरको लागि दरखास्त दिन पाइने छैन । तर साविक शेयरधनीले चाहेमा आफ्नो कायम हक भन्दा कम हकप्रद शेयर खरिद गर्न आवेदन दिन सक्नेछन् र यसरी आफ्नो हक भन्दा कम हकप्रद शेयर खरिदका लागि आवेदन दिने शेयरधनीहरुको हकमा दरखास्तमा माग गरे बमोजिम नै हकप्रद शेयर बाँडफाँट गरिनेछ ।

१३. डेभलपमेन्ट बैंकको विगत तथा आगामी तीन वर्षको प्रक्षेपित वित्तीय विवरणका साथै नेटवर्थ :

वासलात

(रु.हजारमा)

सम्पत्ति	वास्तविक			*आ.ब.२०७७/७८	प्रक्षेपित		
	आ.ब. २०७४/०७५	आ.ब. २०७५/०७६	आ.ब. २०७६/०७७	आषाढ मसान्तसम्मको	आ.ब. २०७८/०७९	आ.ब. २०७९/०८०	आ.ब. २०८०/०८१
नगद तथा नगद समान	१,५८२,३०६	१,५९९,२८४	२,७४८,७२०	२,४८६,९६२	२,४२२,२७७	२,९०२,६०७	३,४७१,२१८
नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात तथा लिनुपर्ने रकम	८२,९१०	१४०,६००	३२०,९३९	२८४,५७७	३८८,३३६	४२७,१६९	४६९,८८६
बैंक तथा वित्तीय संस्थामा गरेको लगानी (प्लेसमेन्ट)	-	-	-	-	-	-	-
डेरिभेटिभ (व्यूत्पन्न) वित्तीय उपकरण	-	-	-	-	-	-	-
अन्य व्यापारिक सम्पत्तिहरु	-	-	-	५४०,०००	६७१,२१९	८०५,४६२	९६६,५५५
बैंक तथा वित्तीय संस्थालाई प्रवाह गरेको कर्जा तथा सापटी	-	-	-	१७८,१३१	२२१,८१५	२३२,९०६	२४४,५५२
ग्राहकहरुलाई प्रवाह गरेको कर्जा तथा सापटी	४,२७०,४१२	६,३६९,०६५	७,८०९,१४९	९,२०१,४१५	१२,३९८,२३५	१५,६३४,९४३	१९,७३२,९५८
धितोपत्रमा गरेको लगानी	६२,५९१	१४०,४०१	१८३,२६३	३०८,९३४	३०२,३८४	३३२,६२३	३६५,८८५
चालु कर सम्पत्ति	१,९११	-	२१,४०२	२१,६९८	२९,५३५	३३,९६५	३९,०६०
सहायक कम्पनीमा लगानी	-	-	-	-	-	-	-
सम्बद्ध कम्पनीमा लगानी	-	-	-	-	-	-	-
लगानी सम्पत्ति (इन्भेष्टमेन्ट प्रोपर्टी)	-	-	-	-	-	-	-
सम्पत्ति र उपकरण	१२९,४०५	२३०,४६०	२३५,५४८	२५१,१९५	३०४,२३१	३५२,०८७	४१३,००८
गुडवील (ख्याती) र अमुर्त सम्पत्ति	१,२९४	८४३	१,३६६	३,९११	१,९३०	२,३५१	२,९१४
स्थगन कर सम्पत्ति	१०,६०७	१२,८१९	४,८१२	-	४,८१२	४,८१२	५,२९३
अन्य सम्पत्ति	१५३,७३८	९५,५१६	१०८,८५०	८९,७३६	१३२,३०८	१४६,९५५	१६३,९००
कुल सम्पत्ति	**६,२९५,१७२**	**८,५८८,९८९**	**११,४३४,०४९**	**१३,३६५,०४०**	**१६,८७७,०८३**	**२०,८७५,८२०**	**२५,८७५,२२९**

पूँजी तथा दायित्व	वास्तविक			*आ.ब.२०७७/७८	प्रक्षेपित		
	आ.ब. २०७४/०७५	आ.ब. २०७५/०७६	आ.ब. २०७६/०७७	आषाढ मसान्तसम्मको	आ.ब. २०७८/०७९	आ.ब. २०७९/०८०	आ.ब. २०८०/०८१
बैंक तथा वित्तीय संस्थालाई तिर्न बाँकी	-	-	-	-	-	-	-
नेपाल राष्ट्र बैंकलाई तिर्न बाँकी रकम	-	-	-	४१४,८७४	५१६,६५३	३६६,६५३	२१६,६५३
व्यूत्पन्न (डेरिभेटिभ) वित्तीय उपकरण	-	-	-	-	-	-	-
ग्राहकको निक्षेप दायित्व	५,२३५,३३६	७,४३७,५१३	१०,१४१,१७४	११,३९६,९४६	१४,३३५,५६४	१८,१२०,९५३	२२,८३१,३९२
सापटी	-	-	-	-	-	-	-
चालू कर दायित्व	-	२,२१४	-	-	-	-	-
व्यवस्था रकमहरु	२२,८०४	२१,३१४	२०,६३६	२०,६३६	१८,५७३	१६,७१५	१५,०४४
स्थगन कर दायित्व	-	-	-	८,९२३	-	-	-
अन्य दायित्वहरु	५६,७९०	९८,१४५	१२६,१३१	२१०,७१२	२१०,७२६	२७८,१५८	३६१,६०६
जारी गरिएको ऋणपत्र	-	-	-	-	-	-	-
असुरक्षित सहायक आवधीक दायित्व	-	-	-	-	-	-	-
कुल दायित्व	**५,३१४,९३१**	**७,५५९,१८५**	**१०,२८७,९४१**	**१२,०५२,०९१**	**१५,०८१,५१५**	**१८,७८१,६७९**	**२३,४२४,६९५**
पूँजी				-	-	-	
शेयर पूँजी	६९२,६७४	६९२,६७४	८११,१२१	८११,१२१	१,२६६,९७१	१,४१९,००८	१,६३१,८५९
शेयर प्रिमियम	४,८९१	४,८९१	४,८९१	४,८९१	-	-	-
सञ्चित मुनाफा	१४६,८११	१२६,०८९	१००,०५६	१९९,७२६	१७१,३५०	२४६,५५९	३०१,५८०
जगेडा	१३५,८६६	२०६,१५०	२३०,०३९	२९७,२११	३५७,२४६	४२८,५७४	५१७,०९५
शेयरधनीहरुसंग सम्बन्धित कुल इक्विटी	९८०,२४२	१,०२९,८०४	१,१४६,१०७	१,३१२,९४९	१,७९५,५६७	२,०९४,१४०	२,४५०,५३४
गैर नियन्त्रित स्वार्थ	-	-	-	-	-	-	-
जम्मा पूँजी	**९८०,२४२**	**१,०२९,८०४**	**१,१४६,१०७**	**१,३१२,९४९**	**१,७९५,५६७**	**२,०९४,१४०**	**२,४५०,५३४**
जम्मा दायित्व र पूँजी	**६,२९५,१७२**	**८,५८८,९८९**	**११,४३४,०४९**	**१३,३६५,०४०**	**१६,८७७,०८३**	**२०,८७५,८२०**	**२५,८७५,२२९**

नाफा-नोक्सान हिसाब

(रु.हजारमा)

विवरण	वास्तविक			*आ.ब.२०७७/७८	प्रक्षेपित		
	आ.ब. २०७४/०७५	आ.ब. २०७५/०७६	आ.ब. २०७६/०७७	आषाढ मसान्तसम्मको	आ.ब. २०७८/०७९	आ.ब. २०७९/०८०	आ.ब. २०८०/०८१
ब्याज आम्दानी	६०४,७४४	८१०,२९४	१,०६५,६९७	९५३,६२०	१,१८५,२८४	१,४९१,८९२	१,८८३,१४४
ब्याज खर्च	२५६,८८७	४१३,०२८	५९४,८५९	४९२,४३९	६५३,५७३	८२४,३२४	१,०५५,३७२
खुद ब्याज आम्दानी	**३४७,८५७**	**३९७,२६६**	**४७०,८३८**	**४६१,१८०**	**५३१,७११**	**६६७,५६७**	**८२७,७७२**
शुल्क तथा कमिशन आम्दानी	३२,७४१	५८,११९	८७,००६	७७,९११	९४,२८७	१००,२२७	१०७,०४६
शुल्क तथा कमिशन खर्च	२२	३५	६,२२८	६,६४७	६,८०१	७,१४१	७,४९८
खुद शुल्क र कमिशन आम्दानी	**३२,७१९**	**५८,०८५**	**८०,७७८**	**७१,२६३**	**८७,४८६**	**९३,०८६**	**९९,५४९**
खुद ब्याज, शुल्क र कमिशन आम्दानी	**३८०,५७६**	**४५५,३५१**	**५५१,६१६**	**५३२,४४३**	**६१९,१९७**	**७६०,६५३**	**९२७,३२०**
खुद व्यापारिक आम्दानी	-	-	-	-	२३,८८२	३१,४०५	३२,९७६
अन्य सञ्चालन आम्दानी	६,९६०	१०,५४१	५,१२५	४६,९९६	१७,९३८	१५,२४७	१४,५६१
जम्मा सञ्चालन आम्दानी	३८७,५३६	४६५,८९२	५५६,७४१	५७९,४४८	६६१,०१७	८०७,३०६	९७४,८५७
कर्जामा सम्भावित क्षती व्यवस्था/(फिर्ता) तथा अन्य नोक्सानीहरु	(३,३६५)	२७,०९७	१५०,८२५	९७,३०२	(३६,०२४)	१४,९८४	६७,२३४
खुद सञ्चालन आम्दानी	**३९०,९०१**	**४३८,७९५**	**४०५,९१६**	**४८२,१४६**	**६९७,०४२**	**७९२,३२३**	**९०७,६२३**
सञ्चालन खर्च							
कर्मचारी खर्च	९२,०९०	११६,६३५	१६६,१८४	१८८,४७३	२२५,४७८	२३८,९७९	२५४,३७४
अन्य सञ्चालन खर्च	४९,४३९	६३,३३२	७२,३०२	७४,७७६	८१,९२८	८८,४२९	९६,४९८
ह्रासकट्टी र परिशोधन	१३,७५५	१६,७९२	२०,०३०	२३,१०५	२३,२८७	२६,९५०	३१,६१३
सञ्चालन मुनाफा	**२३५,६१७**	**२४२,०३६**	**१४७,४००**	**१९५,७९२**	**३६६,३४८**	**४३७,९६४**	**५२५,१३७**
गैर सञ्चालन आम्दानी	-	-	-	-	-	-	-
गैर सञ्चालन खर्च	-	-	-	-	-	-	-
आयकर अघिको मुनाफा	**२३५,६१७**	**२४२,०३६**	**१४७,४००**	**१९५,७९२**	**३६६,३४८**	**४३७,९६४**	**५२५,१३७**
आयकर खर्च	-	-	-	-	**१०९,९०४**	**१३१,३८९**	**१५७,५४१**
चालु कर खर्च	६९,५४५	७५,२७४	४५,८२०	५८,७३७	१०९,९०४	१३१,३८९	१५७,५४१
स्थगन कर खर्च	१,५३६	(१,७१५)	(८२)	-	-	-	-
यस अवधिको मुनाफा	**१६४,५३५**	**१६८,४७७**	**१०१,६६२**	**१३७,०५४**	**२५६,४४४**	**३०६,५७५**	**३६७,५९६**
नाफा बाँडफाँड							
बैंकको शेयरधनी	१६४,५३५	१६८,४७७	१०१,६६२	१३७,०५४	२५६,४४४	३०६,५७५	३६७,५९६
गैर नियन्त्रित स्वार्थ	-	-	-	-	-	-	-
यस अवधिको मुनाफा	**१६४,५३५**	**१६८,४७७**	**१०१,६६२**	**१३७,०५४**	**२५६,४४४**	**३०६,५७५**	**३६७,५९६**

नेटवर्थ सम्बन्धी विवरण :

(रु.हजारमा)

विवरण	वास्तविक			*आ.ब.२०७७/७८	प्रक्षेपित		
	आ.ब. २०७४/०७५	आ.ब. २०७५/०७६	आ.ब. २०७६/०७७	आषाढ मसान्तसम्मको	आ.ब. २०७८/०७९	आ.ब. २०७९/०८०	आ.ब. २०८०/०८१
चुक्ता पूँजी	६९२,६७४	६९२,६७४	८११,१२१	८११,१२१	१,२६६,९७१	१,४१९,००८	१,६३१,८५९
शेयर प्रिमियम	४,८९१	४,८९१	४,८९१	४,८९१	-	-	-
जगेडा तथा कोषहरु	२८२,६७७	३३२,२३९	३३०,०९६	४९६,९३७	५२८,५९६	६७५,१३२	८१८,६७४
कुल	**९८०,२४२**	**१,०२९,८०४**	**१,१४६,१०७**	**१,३१२,९४९**	**१,७९५,५६७**	**२,०९४,१४०**	**२,४५०,५३४**
घटाउनेःअपलेखन गर्न बाँकी खर्च	-	-	-	-	-	-	-
कुल नेटवर्थ	**९८०,२४२**	**१,०२९,८०४**	**१,१४६,१०७**	**१,३१२,९४९**	**१,७९५,५६७**	**२,०९४,१४०**	**२,४५०,५३४**
शेयर संख्या (हजारमा)	६,९२७	६,९२७	८,१११	८,१११	१२,६७०	१४,१९०	१६,३१९
प्रति शेयर नेटवर्थ (रु.)	**१४१.५२**	**१४८.६७**	**१४१.३०**	**१६१.८७**	**१४१.७२**	**१४७.५८**	**१५०.१७**
प्रति शेयर आम्दानी	**२३.७५**	**२४.३२**	**१२.७८**	**१६.९०**	**२०.२४**	**२१.६०**	**२२.५३**
प्रति शेयर चुक्ता पूँजी	१००	१००	१००	१००	१००	१००	१००
नेटवर्थमा औसत प्रतिफल (%) मा	**१६.७८**	**१६.३६**	**९.०४**	**१०.४४**	**१४.२८**	**१४.६४**	**१५.००**
निष्काशन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल प्रतिशतमा				७.४६%			

*व्यवस्थापनबाट प्रमाणित अपरिष्कृत वित्तीय विवरण ।

नोटः माथि उल्लेखित आर्थिक तथा वित्तीय प्रक्षेपण र विश्लेषण विगत वर्षको कारोबारहरुको आधारमा निष्काशनकर्ता डेभलपमेन्ट बैंक आफैले तयार पारेको हो । उक्त प्रक्षेपित वित्तीय विवरणहरु यथार्थपरक भएको व्यहोरा प्रमाणित गर्ने विशेषज्ञमा चार्टर्ड एकाउण्टेण्ट संस्था यु.आर.पि. एण्ड एशोसियट्स, बुद्धनगर, काठमाण्डौ रहेको छ ।

१४. संगठित संस्थाले गर्ने भनिएको काममा निहित सम्भावित जोखिमहरु :
(क) नयाँ बैंक तथा वित्तीय संस्थाहरुको प्रवेशबाट उत्पन्न हुने प्रतिस्पर्धाबाट हुन सक्ने जोखिमहरु ।
(ख) वित्तीय संस्थाले प्रदान गरेको कर्जा तथा सापट खराब कर्जामा परिणत हुन गएमा हुने जोखिम ।
(ग) देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।
(घ) देशको आर्थिक अवस्थामा आउन सक्ने उतार चढावबाट हुन सक्ने जोखिमहरु ।
(ङ) नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकको आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट श्रृजना हुन सक्ने जोखिमहरु ।
(च) निक्षेप तथा कर्जाको व्याजदरमा आउने परिवर्तनबाट हुन सक्ने जोखिमहरु ।
(छ) पूँजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु ।
(ज) अन्तर्राष्ट्रिय बजारमा हुने मन्दीबाट नेपाली बजारमा पर्न सक्ने असरबाट हुन सक्ने आर्थिक जोखिमहरु ।
(झ) देशको मौद्रिक नीति लगायत नेपाल राष्ट्र बैंकले जारी गर्ने निर्देशनको अप्रत्याशित परिवर्तनबाट सिर्जना हुने सम्भावित जोखिमहरु ।

यस डेभलपमेन्ट बैंकको सञ्चालनको इतिहास करिव १६ (सोह्र) वर्षको रहेको छ । डेभलपमेन्ट बैंकको कर्जा तथा लगानी खराब भए हुन सक्ने जोखिमहरुको लागि कर्जा जोखिम कोष, लगानीमा सम्भावित हानी-नोक्सानी वापतको व्यवस्था जस्ता कोषहरु रहेका छन् । यस डेभलपमेन्ट बैंकले वित्त बजारमा हुने प्रतिस्पर्धाको लागि जनशक्ति विकासमा आवश्यक ध्यान पुर्‍याएको छ । यस बाहेकका व्यावसायिक जोखिमहरुबाट सिर्जना हुन सक्ने हानी-नोक्सानी आदिका लागि व्यवस्थापन चनाखो भइ सो हुन नदिन सक्षम तथा प्रतिवद्ध छ । साथै कोभिड महामारीबाट सिर्जित जोखिम हाल नभएकोमा उक्त महामारीबाट मुलुकको अर्थतन्त्रमा पर्नसक्ने प्रभावका कारण यस बैंकमा सिर्जना हुन सक्ने हानी नोक्सानी आदिका लागि व्यवस्थापन चनाखो भइ सो हुन नदिन आवश्यक ध्यान पुर्‍याएको छ ।

सम्भावित आर्थिक जोखिमहरुलाई न्यूनीकरण गर्न डेभलपमेन्ट बैंकले निम्न उपायहरु अवलम्वन गर्दै आइरहेको छ ।
(क) आफ्नो सेवालाई अझ प्रतिस्पर्धी बनाई उपभोक्तामुखी सेवाहरु प्रदान गरिएको छ ।
(ख) मध्यकालीन तथा दीर्घकालीन कर्जा सापटीहरु खराब कर्जामा परिणत भई उत्पन्न हुन सक्ने जोखिम कम गर्नका लागि वित्तीय संस्थाले प्रभावकारी कर्जा अनुगमन नीति अवलम्वन गरेको छ ।
(ग) अन्य विभिन्न जोखिमहरु न्यूनीकरणका लागि प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली, समय सापेक्ष आधुनिक प्रविधि अपनाउने, स्पष्ट नीति तथा नियमहरुको निर्माण एवं समयानुसार आफ्नो सेवा तथा सुविधाहरुमा परिवर्तन तथा परिमार्जन गर्ने गरिएको छ ।

धितोपत्रको मूल्य परिवर्तन सम्बन्धी जोखिमः रू.१००/- प्रति शेयरका दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ ।

१५. हकप्रद साधारण शेयर खरिद गर्न चाहने शेयरधनीहरुले पालना गर्नुपर्ने केहि मुख्य कुराहरु :
(१) हकप्रद शेयर खरिद गर्नका लागि हकप्रद शेयरको निष्काशन पूर्व डेभलपमेन्ट बैंकले सार्वजनिक सूचना मार्फत् जानकारी गराएको मिति सम्ममा शेयर खरिद गरी कायम भएका साविक शेयरधनीहरुले मात्र हकप्रद शेयर खरिद गर्न आवेदन दिन पाउने छन् ।
(२) हकप्रद शेयर खरिद गर्नका लागि "धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३" अनुरुप आस्वा (ASBA) सदस्य बैक तथा वित्तीय संस्थाबाट वा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडले विकास गरेको हितग्राही खाताको Online system Mero Share, बाट आवेदन दिन सकिनेछ । सो देखि बाहेक आवेदन दिन चाहनेहरुले आफ्नो नाममा दर्ता रहेको शेयर संख्या, शेयर प्रमाणपत्र नम्बर, शेयरधनी नम्बर तथा आफूले लिन चाहेको हकप्रद शेयर संख्या समेत उल्लेख गरी डेभलपमेन्ट बैंकद्वारा तोकिएको ढाँचाको आवेदन फाराम भरी दरखास्त दिनु पर्नेछ ।
(३) आवेदन फाराम अंग्रेजी तथा नेपाली दुवै भाषामा पूर्ण रुपले भर्नु पर्नेछ ।
(४) हकप्रद शेयरका लागि आवेदन दिंदा आफूले लिन चाहेको शेयर संख्या वापत प्रति शेयर रु.१००/-का दरले हुने एकमुष्ट रकम तोकिएको संकलन केन्द्रहरु वा निष्काशन बैंकको खातामा जम्मा गरी सो को सक्कल भौचर साथै राखी आवेदन दिनु पर्नेछ ।
(५) संयुक्त नाममा रहेका साविक शेयरधनीहरुले आवेदन दिंदा संयुक्त रुपमा नै हकप्रद शेयर खरिदका लागि दरखास्त दिनु पर्नेछ ।
(६) हकप्रद शेयर बाँडफाँट गर्दा जुन समूहको शेयरधनी हो, सो शेयरधनीलाई सोही समूहको शेयरको अनुपातमा बाँडफाँट गरिनेछ ।
(७) तोकिएको समयभित्र हकप्रद शेयर खरिदका लागि आवेदन पेश नगर्ने तथा दरखास्त साथ शेयर बापतको रकम दाखिल नगर्ने साविक शेयरधनीहरुले पछि हकप्रद शेयरको लागि कुनै किसिमको दावी गर्न पाउने छैन ।
(८) हकप्रद शेयर सम्बन्धी कुनै विवाद भएमा वा परेमा डेभलपमेन्ट बैंकको संचालक समितिले गरेको निर्णय अन्तिम हुनेछ ।
(९) यस विवरण मार्फत निष्काशन गरिने हकप्रद साधारण शेयर प्राप्त गर्ने डिम्याट खाता (DMAT Account/BOID No.) भएका आवेदकहरुलाई नीजहरुले चाहेको खण्डमा धितोपत्रको प्रमाणपत्र अभौतिक रुपमा समेत उपलब्ध गराउने ब्यबस्था गरिने हुँदा नीजहरुले शेयर खरिदका लागि आवेदन दिंदा आफ्नो डिम्याट खाता (DMAT Account/BOID No.) समेत आवेदन फाराममा स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ । साथै कुनै पनि शेयरधनीको भौतिक तथा अभौतिक (डिम्याट) रुपमा शेयर कायम रहेको शेयर अनुसार हकप्रद शेयर भर्दा त्यस्ता शेयरधनीको शेयर भौतिक तथा अभौतिक (डिम्याट) जुन रुपमा कायम रहेको भएता पनि एउटै मात्र आवेदन फाराम भरी दरखास्त दिनु पर्नेछ ।

१६. यस डेभलपमेन्ट बैंकको विगत तीन आर्थिक बर्ष तथा पछिल्लो तीन महिनामा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा भएको शेयर कारोबारको विवरण :

आर्थिक बर्ष	अधिकतम शेयर मूल्य (रू.)	न्युनतम शेयर मूल्य (रू.)	अन्तिम बजार मूल्य (रु.)	शेयर कारोबार संख्या
०७५/०७६	३३३/-	२५६/-	२८३/-	३१५,५१९
०७६/०७७	४४२/-	३५७/-	२९८/-	५०७,८५७
०७७/०७८	५८२/-	२८५/-	५६३/-	२,०६८,००२

महिना	अधिकतम शेयर मूल्य (रु)	न्यूनतम शेयर मूल्य (रु)	अन्तिम बजार मूल्य (रु)	शेयर कारोबार संख्या (हजारमा)
२०७८ भाद्र	१,१८४/-	९०३/-	१,०५३/-	७६८,८३३
२०७८ श्रावण	१,१९५/-	८७२/-	१,१४०/-	१,२६३,३७३
२०७८ आषाढ	९००/-	७३७/-	८५५/-	५६८,६३३

द्रष्टव्यः यस कम्पनीको अद्यावधिक बजार मूल्य नेपाल स्टक एक्सचेन्ज लिमिटेडले प्रकाशित गर्ने बजार मुल्यसूचीबाट प्राप्त गर्न सकिनेछ ।

१७. शेयर बाँडफाँट सम्बन्धी व्यवस्था :
यस विवरण मार्फत निष्काशन गरिने हकप्रद साधारण शेयर प्रचलित "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" ले निर्धारित गरेको समयभित्र डेभलपमेन्ट बैंकको संचालक समितिले हकप्रद शेयरको बाँडफाँट गरी अभौतिक (Demat) रुपमा शेयर सम्बन्धित शेयरधनीको खातामा जम्मा गरे पश्चात राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशित गरिनेछ ।

१८. शेयर सूचीकरण गराउने सम्बन्धी व्यवस्था :
"धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" को दफा ६ मा भएको व्यवस्था बमोजिम यस हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरण नेपाल धितोपत्र बोर्डबाट स्वीकृत भएको निवेदन प्राप्त भएको बढीमा सात कार्य दिनभित्र कम्पनीले आफ्नो धितोपत्र सूचिकरणका लागि र धितोपत्र अभौतिकीकरणका लागि अनुमतिपत्र प्राप्त धितोपत्र बजारमा तथा केन्द्रिय निक्षेप कम्पनीमा क्रमशः निवेदन दिई बोर्डलाई जानकारी दिइनेछ । सो पश्चात् कम्पनीले आफ्ना शेयरधनीहरुमा हकप्रद आधारमा खरिद आव्हान गरेको हकप्रद शेयर बिक्री बन्द भएको मितिले नेपाल धितोपत्र बोर्डको निर्देशिकाले तोके बमोजिमको दिनभित्र हकप्रद शेयरको बाँडफाँट गरे पश्चात् सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा दर्ता गराई नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा सूचीकरण गराई बिक्रीको व्यवस्था मिलाइने छ ।

१९. आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरी मनोनयन गरेको अवस्थामा पालना गर्नुपर्ने कुराहरु :
साविकका शेयरधनीले देहायको अवस्थामा अन्य कुनै ब्यक्तिले खरिद गर्न पाउने गरी हकप्रद शेयर बिक्री खुल्ला भएको अवधि भित्र "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" को अनुसूची-११ को ढाँचामा निवेदन दिई आफ्नो हक अन्य ब्यक्तिलाई हस्तान्तरण गर्न सकिनेछ ।

खरिद गर्न पाउने सम्पूर्ण वा आंशिक हक अन्य व्यक्ति वा संस्थालाई हस्तान्तरण गर्न सक्ने छ । सो को लागि निम्नानुसारको व्यवस्था पालना गर्नु पर्ने हुन्छ ।
(१) आफ्नो सम्पूर्ण/आंशिक हक कुनै एक व्यक्ति वा संस्थालाई मात्र प्रयोग गर्न सकिने ।
(२) मनोनयन भै शेयरको लागि आवेदन गर्दा धितोपत्र बजारको कारोबार इकाई अनुसार हुने ।
(३) आफ्नो हक हस्तान्तरणका लागि अन्य व्यक्तिलाई मनोनयन गर्दा हस्तान्तरण गरिदिने शेयरको चूक्ता मूल्यको १ प्रतिशतले हुन आउने शुल्क समेत मनोनयनपत्रका साथ हकप्रद शेयर आवेदन फाराम बुझाउने संकलन केन्द्रमा बुझाउनुपर्नेछ ।
(४) हकप्रद शेयर खरीद गर्ने हक अरुलाई मनोनीत गर्ने शेयरवालाले अरु शेयरवालाको हक लिई मनोनीत हुन नपाइने तर आफ्नो पूरै हक उपभोग गर्नेले भने अरुको हक समेत मनोनीतको रुपमा लिन सकिने ।
(५) कम्पनीको प्रबन्धपत्र, नियमावलीमा भएको व्यवस्था तथा सम्बन्धित नियमनकर्ताले स्वामित्व सीमा तोकेको अवस्थामा पहिले लिएको वा पछि ग्रहण गरिने शेयर समेत कूल शेयर संख्या सो सीमा ननाघ्ने गरी मात्र मनोनीत हुनेले शेयरका लागि आवेदन गर्न सकिने ।
(६) संगठित संस्थाको प्रबन्धपत्र र नियमावलीको व्यवस्था अनुसार स्वामित्व तथा संचालक समिति समूहकृत गरिएको भएमा सोही समूहभित्र रहने गरी मात्र मनोनयन गर्न सकिने र मनोनयन गरेपछि कम्पनीको शेयर स्वामित्वको संरचना र संचालक समितिको बनौटमा परिवर्तन हुने भएमा सम्बन्धित ऐन, नियमले तोकेको स्वामित्व सीमाभित्र रहने गरी परिवर्तन हुने व्यवस्था तथा मताधिकार सम्बन्धी स्पष्ट व्यवस्था भएको ।
(७) प्रचलित कानून अनुरुप मनोनीत हुने व्यक्ति वा संस्था कालो सूचीमा नरहेको तथा अयोग्य समेत नभएको हुनुपर्ने ।
(८) हकप्रद शेयर बिक्री खुल्ला भएको अवधी भित्र आफ्नो हक अरुलाई प्रयोग गर्न दिने व्यवस्था गरिएको ।
(९) वित्तीय संस्थाका सञ्चालक, कार्यकारी प्रमुख, लेखापरीक्षक, सचिव वा बैङ्क वा वित्तीय संस्थाको व्यवस्थापन तथा लेखा सम्बन्धी कार्यमा प्रत्यक्ष रुपले संलग्न व्यक्तिले त्यस्तो पदमा बहाल रहँदाका बखत वा त्यस्तो पद छाडेको कम्तीमा एक वर्षसम्म सम्बन्धित बैङ्क वा वित्तीय संस्था वा त्यसको सहायक कम्पनीको हकप्रद शेयर एक आपसमा हक हस्तान्तरण गरि लिनदिन हुँदैन ।

२०. हकप्रद शेयर जारी गर्नुको उद्देश्य :
(१) डेभलपमेन्ट बैंकको मिति २०७७/३/१४ गते सम्पन्न चौधौं बार्षिक साधारण सभाबाट दश शेयर बराबर तीन शेयर (१० : ३) को अनुपातमा हकप्रद शेयर जारी गरी पूँजी वृद्धि गर्ने निर्णय गरेकोले सोही बमोजिम पूँजी संकलन गर्न ।
(२) डेभलपमेन्ट बैंकले सेवा विस्तार गर्ने क्रममा लगानी बढाउन तथा वित्तीय एवं आर्थिक गतिविधिलाई विस्तार गर्नका लागि आवश्यक पूँजी संकलन गर्न ।
(३) डेभलपमेन्ट बैंकको प्रबन्धपत्रमा उल्लेख गरिएको उद्देश्यहरु अनुरुप गर्नुपर्ने कार्यहरुको लागि डेभलपमेन्ट बैंकको शाखा विस्तार गरी कारोबार वृद्धि गर्न आवश्यक पूँजी जुटाउन र
(४) डेभलपमेन्ट बैंकको निक्षेपकर्ताहरुको हितको संरक्षणलाई सर्वोपरी राख्नको लागि डेभलपमेन्ट बैंकको पूँजी आधारलाई मजबुत तुल्याइ राख्न ।
(५) यस बाहेक डेभलपमेन्ट बैंकले तपसिल बमोजिमको योजना सहित हकप्रदबाट प्राप्त रकम प्रयोग गर्ने उद्देश्य राखेको छ ।

सि.नं.	उपयोग	रकम (रु.)
१.	तरलता /बैक	करिव रु.६,४०,००,०००/-
२.	कर्जा तथा लगानी प्रवाह	करिव रु.१४,००,००,०००/-
३.	शाखा विस्तार	करिव रु.२,००,००,०००/-
४.	सरकारी ऋणपत्र	करिव रु.१,९३,३६,३६७/४२
	जम्मा	**करिब रु२४,३३,३६,३६७/४२**

२१. निष्काशन बैंक (बैकर टु द ईस्यु) सम्बन्धी ब्यवस्था :
यस हकप्रद शेयर निष्काशनको लागि देहाय बमोजिमका बैंकलाई निष्काशन बैंकको रुपमा नियुक्त गरिएको छ :

सि.नं.	निष्काशन बैंकको नाम, ठेगाना	खाताको नाम	खाता नम्बर
१.	श्री नेपाल इन्भेष्टमेण्ट बैंक लि., दरबारमार्ग, काठमाण्डौ ।	NIBL ACE Capital-Excel Right Issue	००१०१०१०३४१५९२

२२. हकप्रद शेयर बिक्री खुल्ला अवधि :
हकप्रद शेयरको लागि दरखास्त लिने कार्य कम्तिमा २१ (एकाईस) दिनका लागि खुल्ला राखिनेछ । सो समयावधि भित्र सम्पूर्ण हकप्रद शेयरको लागि आवेदन नपरेमा "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" को नियम १८ को बमोजिम नेपाल धितोपत्र बोर्डलाई अग्रिम जानकारी दिई निष्काशनकर्ता कम्पनीले सूचना प्रकाशन गरी बढीमा १५ (पन्ध्र) दिन सम्मका लागि धितोपत्रको दरखास्त खुल्ला राख्न सकिनेछ ।

२३. हकप्रद शेयर खरिदका लागि दरखास्त पाइने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरुका साथै "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" प्राप्त गर्न वा हेर्न सक्ने स्थानहरु :

१.	एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौ तथा शाखा कार्यालयहरु : पुतलीसडक काठमाण्डौ, लगनखेल ललितपुर, चिप्लेढुङ्गा पोखरा, आदर्शनगर बीरगंज, ट्राफिक चोक, बुटवल र गोल्छाचोक विराटनगर ।
२.	एक्सेल डेभलपमेन्ट बैंक लमिटेडको रजिष्टर्ड (केन्द्रीय) कार्यालय वडा नं.४, मुक्तीचोक, विर्तामोड, झापा तथा डेभलपमेन्ट बैंकको सम्पूर्ण कार्यालयहरु ।
३.	नेपाल धितोपत्र बोर्डबाट इजाजत प्राप्त आश्वा सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु ।

उपरोक्त स्थानहरुको अलावा हकप्रद निष्काशनको क्रममा ड्राफ्ट संलग्न गरी दरखास्त दिन पाइने र यसरी दरखास्तवालाहरुले दरखास्त दिन चाहेमा शेयर निष्काशन बन्द हुने अघिको मितिसम्ममा एनआईबिएल एस क्यापिटल लि.को नाममा खिचिएको एकाउण्टपेयी (A/c Payee) ड्राफ्टका साथ शेयरको दरखास्त फाराम नेपाल सरकार, हुलाक सेवा मार्फत रजिष्ट्री गरी एनआईबिल एस क्यापिटल लि., लाजिम्पाट, काठमाण्डौमा पठाएको निवेदनलाई मात्र बाँडफाँटमा समावेश गरिनेछ । नेपाल धितोपत्र बोर्डबाट स्वीकृत प्राप्त आश्वा (ASBA-Application Supported By Blocked Amount) सेवामा सहभागि अन्य बैंक वा वित्तीय संस्थाहरुमा समेत आश्वा (ASBA) प्रणाली मार्फत शेयर दरखास्त फाराम बुझाउन सकिनेछ । शेयर बिक्री बन्द भएको ५ (पाँच) दिनपछि प्राप्त ड्राफ्ट र आवेदन फारामलाई बाँडफाँटमा समावेश गरिने छैन । हकप्रद शेयर खरिदका लागि दरखास्त फाराम धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक श्री एनआईबिएल एस क्यापिटल लि.को वेवसाइट www.niblcapital.com तथा निष्काशनकर्ता बैंक श्री एक्सेल डेभलपमेन्ट बैंक लि. को वेवसाइट www.edb.com.np बाट समेत डाउनलोड गरी भरेर पठाउन सकिनेछ र शेयरधनीहरुले आफ्नो हक सम्बन्धी विवरण निष्काशन तथा बिक्री प्रवन्धक श्री एनआईबिएल एस क्यापिटल लि.को वेवसाइट www.niblcapital.com तथा निष्काशनकर्ता बैंक श्री एक्सेल डेभलपमेन्ट बैंक लि. को वेवसाइट www.edb.com.np बाट हेर्न सकिनेछ ।

२४. इस्युअर रेटिङ्ग सम्बन्धी विवरण :
यस बैंकलाई ICRA Nepal Limited ले Moderate Credit Risk जनाउने "[ICRANP-IR] BBB-1" (pronounced as ICRA NP Issuer Rating triple B minus) रेटिङ्ग मिति २०२१/०६/१० मा प्रदान गरेको छ । उक्त क्रेडिट रेटिङ्ग प्राप्त संस्थालाई समयमा नै वित्तीय दायित्व पूरा गर्ने तथा कर्जा जोखिम मध्यम भएको संस्थाको रुपमा लिइन्छ ।
रेटिङ्ग प्रदान गरेको मिति : जुन १०, २०२१ । रेटिङ्ग बहाल रहने अवधि : जुन ०९, २०२२ ।

२५. संचालक तथा आधारभुत शेयरधनीले हकप्रद शेयर वापतको रकम जम्मा गरेको सम्बन्धमा :
यस डेभलपमेन्ट बैंकको सञ्चालक तथा आधारभुत शेयरधनीहरुले रु. १४०,०८४,१००/- रकम र हस्तान्तरणबाट रु. १२,७६४,७००/- रकम जम्मा गरी आधारभुत शेयरधनी र सचालकहरुले रु. १५२,८४८,८००/- रकम जम्मा गरीसक्नु भएको व्यहोरा अवगत गराउंदछौं ।

हकप्रद शेयरको बिक्री खुल्ला अवधि :

निष्काशन खुल्ला मिति	**: २०७८/०६/२५ गते**
निष्काशन बन्द हुने मिति	**: २०७८/०७/१४ गते (बैकिङ्ग समय पश्चात्)**

NIBL ACE CAPITAL
Managing shares. Managing investments.
wholly owned subsidiary of नेपाल इन्भेष्टमेण्ट बैंक लि. NEPAL INVESTMENT BANK LTD.

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकः

एनआईबिएल एस क्यापिटल लिमिटेड
पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोनः ४४२५२८०, फ्याक्सः ४००५०८४
Email: info@niblcapital.com, Website: www.niblcapital.com

यस हकप्रद शेयर निष्काशन सम्बन्धमा कुनै लगानीकर्ताहरुको गुनासो सुन्न तथा त्यसको समाधानको लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाडौं, नेपाल, फोनः ४४२५२८०, फ्याक्सः ४००५०८४ मा सम्पर्क गर्नु हुन अनुरोध गरिन्छ ।

दरखास्तवाला उपस्थित हुन नसकेमा मात्र

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd.
...तपाईको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट "ख" बर्गको वित्तीय संस्था (पाँच जिल्ला कार्य क्षेत्र भएको डेभलपमेन्ट बैंक)
रजिष्टर्ड कार्यालय : वडा नं.४, मुक्तीचोक, बिर्तामोड, झापा, नेपाल ।
फोन नं. ०२३-५४३७१४, ५४३५६४, फ्याक्स नं. ०२३-५४३५६३

विषय : मञ्जुरीनामा सम्बन्धमा

म/हामी आफैं उपस्थित हुन नसकेकोले मेरो/हाम्रो नाममा आवेदन गरेको .... कित्ता हकप्रद शेयर प्रतिशेयर रु. १००/- का दरले जम्मा रु. .... (अक्षरेपी रु. ....) मध्ये बाँडफाँटमा .... कित्ता हकप्रद शेयर परेकोले बाँकी रु. .... (अक्षरेपी रु. ....) र सो को शेयर प्रमाणपत्र श्री .... हस्ते पठाई दिनुहुन अनुरोध गर्दछु/गर्दछौं । निजलाई भुक्तानी/शेयर प्रमाण-पत्र दिनु भएमा पछि कुनै बाधा बिरोध गर्ने छैन/छैनौं । गरे यसै कागजले बदर गरिदिनु भएमा मेरो/हाम्रो मञ्जुरी छ ।

भवदीय,

निवेदकको दस्तखत :- .... मञ्जुरीनामा पाउनेको दस्तखत :- ....

निवेदकको नाम :- .... मञ्जुरीनामा पाउनेको नाम :- ....

यो रसिद हराई अर्कले भुक्तानी लिई गएमा सो को जिम्मेवार निवेदक स्वयं हुनेछ ।